नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग

फोन नं ०९१-५६१४१५
०९१-५६१४१४
email-rjkis2ndagriculture@gmail.com

# रानी जमरा कुलरिया सिंचाई आयोजना

## कृषि कार्यक्रम कार्यान्वयन एकाई

टीकापुर, कैलाली

**केरा व्यवसाय पर्बर्द्धनका लागि बजारीकरणमा सहयोग कार्यक्रमका लागि आबेदन प्रस्ताव पेशगर्ने बारेको सूचना !**

सूचनानं. ६/२०८०/८१

(सूचना प्रकाशित मितिः २०८०/०८/२७)

रानी जमरा कुलरिया सिंचाई आयोजना, कृषि कार्यक्रम कार्यान्वयन एकाई, टीकापुर, कैलालीको आ.व.२०८०/८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार *"केरा व्यवसाय पर्बद्धनका लागि बजारीकरणमा सहयोगको कार्यक्रम"* संचालन गर्न इच्छुक कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कम्पनीहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र (मिति २०८०/०९/१७ गतेसम्म) यस आयोजनाको कार्यालय, टीकापुर, कैलालीमा तोकिएको ढाँचामा आवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

- कार्यक्रम सञ्चालन हुने क्षेत्रः- रानी जमरा कुलरिया सिंचाई आयोजनाको कार्य क्षेत्रभित्र ।
- सहयोग अनुदानः- बजारीकरणमा बढीमा ५०% अनुदान।

<u>आवेदकको योग्यता :-</u>

- कार्यक्रम संचालन गर्न इच्छुक आवेदक संस्थाको आफ्नै स्वामित्व वा साझेदारीमा भण्डारण गृह सहितको केरा पकाउने च्याम्बर अनिवार्यरुपमा संचालन गरेको हुनुपर्नेछ।

<u>पेश गर्नु पर्ने कागजातहरु</u>

१. रु. १० को हुलाक टिकट टाँसेको निर्दिष्ट फर्मेट अनुसारको कार्ययोजना सहितको प्रस्ताव । (विस्तृत रुपमा उल्लेख गर्नु पर्ने भएमा स्वयमले प्रस्ताव तयार गर्न सकिने छ)
२. कृषक समुह/सहकारी/कम्पनी/संस्था दर्ता, नविकरण, बिधान, प्रबन्धपत्र, नियमावली, स्थायी लेखा नम्बरको प्रतिलिपी, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, गत आ.ब.को अडिट रिपोर्ट र कार्यकारी समितिको निर्णयको प्रतिलिपि।
३. कृषक समुह कृषि/सहकारी/कृषि फर्म/कम्पनी संस्थाको आधिकारीक व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपी ।
४. खरिद गरिने कार्यको लागत स्टिमेट (Tentative Cost Estimates)
५. सम्बन्धित कुलो समितिको सिफारिस पत्र ।

थप जानकारी तथा प्रस्तावको ढाँचा आयोजनाको Website : http://aciu.rjkip.gov.np र <u>Facebook Page :Rani Jamara Kulariya</u> बाट डाउनलोड गर्न सकिनेछ ।

<u>थप जानकारी चाहिएमा</u>
रानी जमरा कुलरिया सिंचाई आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाई, टीकापुर, कैलाली
फोन नं.: ०९१-५६१४१४, ५६१४१५

०८/९/२६

कलशराम चौधरी
आयोजना कोअर्डिनेटर